# ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको धितोमा रहेको अचल सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

(प्रकाशित मिति : २०८०/०२/१७)

यस ग्रीन डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत विभिन्न कर्जा लिई उपभोग गर्नु भएको र निज ऋणीहरुले बैंकसंग भए गरेको सम्झौता अनुसार तोकिएको समयमा कर्जा नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकाले विभिन्न मितिहरुमा कर्जा चुक्ता भुक्तान गर्न आउनु भनि विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरुमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/ धितो जमानीकर्ताहरु र व्यक्तिगत धन जमानीकर्ताहरु समेतलाई सुचित गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, हर्जना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले उपरोक्त कर्जाहरुको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्तिहरु (घर/जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानुनको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरि बैंकको लेना रकम असुलउपर गर्नका लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ, धितोमा रहेको चल/ अचल सम्पत्ति गोप्य सिलबन्दी बोलपत्रमार्फत खरिद गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितीले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, पोखरा म.न.पा.-८, न्यूरोडमा आइपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्रीबाट बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत धनजमानी दिनेको तीन पुस्ते नामावली विवरण | धितोको विवरण |
|---|---|---|
| १. | ऋणको प्रकार : कृषि कर्जा/व्यक्तिगत आवधिक कर्जा<br>ऋणीको नाम : प्रेम कुमारी बि.क<br>नागरीकता प्र.नं. : २५७६<br>जारी मिति : २०४५/११/१५ (तनहुँ)<br>पति : हेम लाल बि.क<br>ससुरा : कालु विश्वकर्मा<br>ठेगाना : शुक्लागण्डकी न.पा वडा नं.-७, तनहुँ<br>(हाल, काठमाण्डौं म.न.पा वडा नं.-३, धारापाटी, माहाराजगंज)<br><br>व्यक्तिगत धनजमानी दिने<br>१) यम लाल विश्वकर्मा<br>नागरीकता प्र.नं. : ३१८७४<br>जारी मिति : २०६३/०२/०१ (काठमाडौं)<br>बाबु : हेम लाल विश्वकर्मा<br>बाजे : कालु विश्वकर्मा<br>ठेगाना : काठमाण्डौं म.न.पा वडा नं.-३, धारापाटी, माहाराजगंज<br><br>२) आस्मा बि.क.<br>नागरीकता प्र.नं. : २७१०६०/८५२२५<br>जारी मिति : २०६८/०५/२६ (काठमाडौं)<br>बाबु : धन बहादुर विश्वकर्मा<br>पति : यम लाल विश्वकर्मा<br>ससुरा : हेम लाल विश्वकर्मा<br>ठेगाना : काठमाण्डौं म.न.पा वडा नं.-३, धारापाटी, माहाराजगंज<br>३) दिप्शा राजवंशी<br>नागरीकता प्र.नं.: १३८५०<br>जारी मिति : २०६२/०२/०२(काठमाण्डौं)<br>बाबु : दीपक राजवंशी<br>ससुरा : हेम लाल विश्वकर्मा<br>पति : नमह लाल विश्वकर्मा<br>ठेगाना : काठमाण्डौं म.न.पा वडा नं.-३, धारापाटी, माहाराजगंज<br><br>४) रेख बहादुर विश्वकर्मा<br>नागरीकता प्र.नं.: ४३१९६<br>जारी मिति :२०४६/०४/३१ (तनहुँ)<br>बाबु : टेक बहादुर सुनार<br>बाजे : सवर्ण खाती<br>ठेगाना :दुलेगौडा वडा नं.-७, बि.पी चोक, तनहुँ | प्रेम कुमारी बि.क को नाममा तनहुँ जिल्ला मालपोत कार्यालय दमौली दर्ता स्रेस्ता कायम रहेको उदेनढुङ्गा गा.वि.स. वडा नं- ५, तनहुँ<br>( हाल, शुक्लागण्डकी न.पा वडा नं.-७, तनहुँ ) स्थित कि.नं. ८२४ क्षेत्रफल ६-८-०-० (रोपनी) जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**लिलाम बिक्रीका शर्तहरु :-**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोडबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रका साथ आफूले खरिद गर्न कबोल गरेको रकमको न्यूनतम १० ( दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर सलग्न गर्नुपर्ने छ र सो रकमको कुनै ब्याज दिइने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/ कम्पनी / फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्र मिति २०८०/०२/३१ दिनको ४:०० बजे भित्रमा बैंकको केन्द्रीय कार्यालय, पोखरामा बुझाउनुपर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिनमा बोलपत्र फारम बुझाउन पर्ने छ । गोप्य सिलबन्दी बोलपत्र खोलिने दिन मिति २०८०/०२/३२ दिनको ४:३० बजे बैंकको केन्द्रीय कार्यालय, पोखरा-८ न्यूरोडमा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ र उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिन खोलिनेछ । तर प्रतिनिधि उपस्थित नभएपनी गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् बैंकले तोकेको मिती भित्र यस बैंकमा नगदै जम्मा गरी धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनुपर्ने छ । यसरी बाँकी रकम जम्मा गर्ने समय सीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर जग्गा ) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा सम्पूर्ण खर्चहरु सकार गरी लिने स्वंयमले व्यहोर्नु पर्नेछ ।

६. बोलपत्र पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिमसो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून:सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत : जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भूक्तानी गरिनेछ ।

८. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा निहित हुनेछ ।

९.यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ०८, न्यूरोडमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

१०. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित ऋणी (अ.प्रा व्यक्ति प्रोप्राइटर)/धितो जमानीकर्ता / धन जमानी दिनुहुने व्यक्तिहरु समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम बुझाई एंव बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराइन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकाले उक्त दिन स्वंयम् उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिहरुको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनका लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहीं कतै कुनै पनि किसिमको उजुर बाजुर गर्न पाइने छैन । साथै तहाँहरुबाट बैंकको कर्जा भुक्तानी नगरि धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सुचना प्रकाशित मितिले ३० दिनभित्र उक्त जग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्न हुन समेत सुचित गरिएको छ । उक्त सम्पती लिलाम बिक्रि गर्दा वा पुनर्मुल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असूलउपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत धनजमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सुचनाबाट थप जानकारी गराइएको छ ।

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

**केन्द्रीय कार्यालय**
**पोखरा-८, न्यूरोड, कास्की**
**फोन नं: ०६१-५८३५९०, ५८३६३४**